मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १० गते बिहीबार ❑ 23 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गृहमन्त्री गुरुङद्वारा राजीनामा

रासस
काठमाडौं, ९ बैशाख

गृहमन्त्री सुधन गुरुङले पदबाट राजीनामा दिएको घोषणा गर्नुभएको छ।

उहाँले आज राजीनामाको घोषणा गर्दै सामाजिक सञ्जालमा लेख्नुभएको छ, "मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् र पदमा रहँदा 'स्वार्थको द्वन्द्व' नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु।"



पछिल्ला दिनहरूमा नागरिक स्तरबाट आफ्नो शेयरलगायत विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई गम्भीर रूपमा लिएको उहाँले जनाउनुभएको छ। गुरुङ गत चैत १३ गते गृहमन्त्रीमा नियुक्त हुनुभएको थियो।

उहाँले भन्नुभएको छ, "मैले आफ्नो तर्फबाट नैतिक जिम्मेवारी निर्वाह गरेको छु। अब मेरो अपिल छ, प्रिय सञ्चारकर्मी मित्रहरू, आम नेपाली दाजुभाइ, दिदीबहिनी र युवाहरू, यदि हामी साँच्चै परिवर्तन चाहन्छौँ भने सत्य, इमानदारी र आत्मशुद्धीको बाटोमा सबै उभिनैपर्छ।"

यसै गरी राष्ट्रपति रामचन्द्र पौडेलले गृह मन्त्रालयको कार्यभार प्रधानमन्त्री वालेन्द्र शाह स्वयम्ले सम्हाल्ने गरी तोक्नुभएको छ। उहाँले प्रधानमन्त्री शाहको सिफारिसमा मौजुदा मन्त्रिपरिषद्का गृहमन्त्री सुधन गुरुङले बुधबार प्रधानमन्त्रीसमक्ष राजीनामा दिनुभएको हुँदा निजले सम्हाली आउनुभएको मन्त्रालयको कार्यभार समेत प्रधानमन्त्री स्वयम्ले सम्हाल्ने गरी तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

## सम्पत्ति छानबिन आयोगले सुरु गऱ्यो काम

रासस
काठमाडौं, ९ बैशाख



काठमाडौँ, ९ वैशाखः मुलुकमा व्याप्त भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्ने लक्ष्यका साथ सरकारले गठन गरेको 'सम्पत्ति छानबिन आयोग'ले आजदेखि औपचारिक रूपमा कार्य प्रारम्भ गरेको छ।

विसं २०८३ वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय आयोग गठन गरेको थियो। आयोगको कार्यालय केशरमहलमा स्थापना गरिएको छ। आयोगका नवनियुक्त अध्यक्ष भण्डारीले आजै कायममुकायम (कामु) प्रधानन्यायाधीश सपना प्रधान मल्ल समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो भने अन्य सदस्यहरू तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड अकाउण्टेन्ट प्रकाश लम्साललाई अध्यक्ष भण्डारीले शपथ गराउनुभएको हो। जाँचबुझ ऐन २०२६ बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन सर्त (टिओआर) समेत स्वीकृत भइसकेको छ। एक वर्षको कार्यकाल तोकिएको यस आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन गरी सूक्ष्म जाँचबुझ गर्नेछ।

आयोगले कुनै पनि व्यक्तिको अनुसन्धान सम्पन्न हुनासाथ प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ, जसलाई सरकारले ४५ दिनभित्र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्नेछ। आयोगले पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढङ्गले कार्य गर्ने प्रतिबद्धता जनाउँदै कसैको दबाब वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्नेछ। आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट पनि उजुरी सङ्कलन गर्नेछ। कार्यसम्पादनको सिलसिलामा आयोगले आवश्यकताअनुसार विभिन्न क्षेत्रका विज्ञको सल्लाह लिन सक्ने प्रावधान राखिएको भए पनि स्वार्थको द्वन्द्व भएका विज्ञलाई भने आमन्त्रण गर्न नपाइने कडा सर्त तय गरिएको छ।

यो आयोगको गठन २०८२ चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीहरू' को बुँदा नम्बर ४३ मा उल्लिखित भ्रष्टाचार विरोधी प्रतिबद्धताअनुरुप भएको हो। हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगका लागि आवश्यक ३२ कर्मचारीको छनोट (स्क्रिनिङ) गरिरहेको छ। आयोगको कामलाई पारदर्शी बनाउन त्यहाँ खटिने कर्मचारीले समेत कार्यभार सम्हालेको एक साताभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

## पार्टीमा युवालाई आकर्षित गर्न जरुरी छः सभापति थापा

रासस
काठमाडौं, ९ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीमा युवालाई आकर्षित गर्नुपर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस कोशी प्रदेश समितिद्वारा बुधबार विराटनगरमा आयोजित प्रदेशस्तरीय निर्वाचन समीक्षा गोष्ठीमा सभापति थापाले युवालाई पार्टी, इतिहास, विगतमा गरेका कार्य, सुशासन कायम राख्न गरेका कार्य र मुलुकको विकासमा यसको योगदानका विषयमा जानकारी दिनु आवश्यक रहेको बताउनुभयो।

सभापति थापाले गत निर्वाचनमा पार्टीको घटेको १० लाख मतका सम्बन्धमा आवश्यक चिन्तन गर्नुपर्ने आवश्यक्ता औँल्याउनुभयो। उहाँले स्थानीय र प्रदेशमा अहिले पनि धेरै स्थानमा कांग्रेसको सरकार रहेकाले सुशासन, भ्रष्टाचार नियन्त्रण र जनहितको पक्षमा कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

कांग्रेसलाई स्मार्ट बनाउन क्रियाशील सदस्यहरूको नवीकरण अद्यावधिक गर्न लागेको उल्लेख गर्दै सभापति थापाले पार्टीका ज्येष्ठ सदस्यको सदस्यता ऐतिहासिक भएकाले यसलाई डिजिटल गरी सुरक्षित गरिने प्रष्ट पार्नुभयो। उहाँले आगामी १५औँ महाधिवेशनमा सबैलाई सहभागी गराउने जिम्मेवारी आफ्नो रहेको भन्दै रिसाएका १० लाख मतदातालाई पार्टीमा फर्काइने बताउनुभयो। उहाँले पार्टीमा चार पुस्तालाईसँगै मिलाएर सङ्गठन मजबुत गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पार्टी उपसभापति पुष्पा भुसालले हालै सम्पन्न निर्वाचनको परिणामबाट निराश नहुन कार्यकर्तालाई आग्रह गर्नुभयो। उहाँले सङ्गठनलाई सुदृढ बनाई पार्टीलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। पार्टी महामन्त्री प्रदीप पौडेलले पार्टीलाई बलियो एवं सुदृढ बनाउन क्रियाशील सदस्यहरूले पार्टीको नीतिका विषयमा घरघरमा जनतालाई जानकारी दिनु जरुरी रहेको बताउनुभयो। पार्टीमा उत्साह र नयाँ जीवन ल्याउन वडास्तरीय सदस्य डिजिटल अद्यावधिक गर्न लागिएको उहाँले जानकारी दिनुभयो। अर्का महामन्त्री गुरुराज घिमिरेले पार्टीलाई पुर्नजीवन दिन वडास्तरदेखि केन्द्रसम्म अद्यावधिक गर्न लागिएको बताउनुभयो। स्थानीय सरकारले गरेको लोकप्रिय कार्यको प्रचार प्रसार नहुनु पनि निर्वाचनको पराजयको एउटा कारण भएको उहाँको भनाइ थियो।

## गण्डकीमा यसपालि डढेलोका घटना न्यून

रासस
काठमाडौं, ९ बैशाख

फागुनदेखि जेठसम्ममा डढेलोको उच्च जोखिम रहने भए पनि यसपालि गण्डकी प्रदेशमा डढेलोका घटना कम भएका छन्।

प्रिमनसुन अवधिमा भइरहेको वर्षा र पूर्वसावधानीका कारण डढेकोका घटनामा कमी आएको हो। प्रदेशको वन तथा वातावरण मन्त्रालयका वन अधिकृत तिलकबहादुर थापाले यस वर्ष डढेलोका घटना न्यून देखिएको बताउनुभयो। "यसपालि डढेलोका घटना कम भए, छिटपुट रूपमा लागिहाले पनि वर्षाका कारण डढेलो फैलन पाएन", उहाँले भन्नुभयो, "बोटबिरुवाले पालुवा हाल्ने र वन क्षेत्रमा हरियाली छाउन सुरु भएकाले अब डढेलोको जोखिम पनि घट्दै जान्छ।" सुक्खा याम लम्बिँदा डढेलोका घटना धेरै हुने गरेकामा यसपालि पानी परिरहेकाले त्यस्तो अवस्था नआएको वन अधिकृत थापाले बताउनुभयो। विगतको तुलनामा सम्बन्धित सरकारी निकाय, सामुदायिक वन उपभोक्ता समूहलगायत स्थानीवासीले बढी सचेतना अपनाएका कारण पनि डढेलोका घटना नियन्त्रणमा सहयोग पुगेको उहाँको भनाइ छ। डढेलाका घटना न्यून हुँदा वन क्षेत्रमा क्षति कम हुनुका साथै वायुमण्डलमा प्रर्दुषण पनि घटेको उहाँले बताउनुभयो। गत वर्ष पनि त्योभन्दा अघिल्लो वर्षको तुलनामा डढेलोका घटना कम भएका थिए। गत वर्ष वैशाख तेस्रो सातासम्ममा गण्डकी प्रदेशका जम्मा १९६ स्थानमा डढेलो लागेकामा यस वर्ष त्यो भन्दा कम हुने देखिएको वन अधिकृत थापाले बताउनुभयो। "ठूलो क्षेत्रमा डढेलो लागेर वनमा क्षति पुगेको घटना यस वर्ष मन्त्रालयमा अभिलेख भएको छैन", उहाँले भन्नुभयो, "सामान्य र छिटपुट घटनाको गुनासो सङ्कलन र सम्बोधन जिल्ला तहबाटै हुने गरेको छ।" दुई वर्षअघि यही याममा भने गण्डकी प्रदेशका ४६७ स्थानमा डढेलोका घटना भएका थिए। उक्त वर्ष डढेलोबाट आठ हजार २७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित भएको थियो। डढेलो लाग्दा वन क्षेत्रमा बोटबिरुवा, वन्यजन्तु, काठ र दाउरामा क्षति पुग्ने गरेको छ। डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुऱ्याउने गरेको छ। विगतमा डढेलो अनियन्त्रित भएर मानव वस्तीतिर सर्दा धनजनको समेत क्षति भएका घटना बाहिर आउने गरेका थिए।

गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो लाग्ने गरेको छ।

हावाहुरीका कारण पनि डढेलो छिटो फैलने गर्छ। डिभिजन वन कार्यालय, बागलुङका प्रमुख सरोज पन्थीले यस वर्ष हालसम्म जिल्लाका १३ ठाउँमा आगलागीका घटना भएको बताउनुभयो। जन विगतका वर्षको तुलनामा कम सङ्ख्या रहेको उहाँको भनाइ छ। आगलागीका कारण दुई ४७ हेक्टर वन क्षेत्र प्रभावित भएको प्रमुख पन्थीले बताउनुभयो। "अनियन्त्रित रूपमा डढेलो लागेर वनमा धेरै क्षति पुगेको घटना देखिएको छैन", उहाँले भन्नुभयो, "स-साना आगलागीका घटना तत्काल नियन्त्रणमा लिइएको छ।" डढेलो लाग्नुमा मानवीय कारणले नै मुख्य रहेको उहाँको भनाइ छ। ५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापरबाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको प्रमुख पन्थीले बताउनुभयो। आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रूप लिने गरेको छ।

डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा पनि भूमिका खेल्ने गरेको विज्ञहरू बताउँछन्। डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, जनजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तने गरेको छ। डढेलोले भू-क्षय, बाढीजस्ता प्राकृतिक विपत्का घटना पनि बढाउने गरेको छ।

डढेलोले निजी, सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरुवा तथा बुट्यान सखाप पार्ने गरेको छ। डढेलो लगाउने व्यक्तिका बारेमा सूचना दिने व्यक्तिलाई उसले बुझाएको जरिवानाको १० प्रतिशत पुरस्कार पाउने व्यवस्था रहेको छ। डढेलो लगाउने व्यक्तिलाई बिगोअनुसारको जरिवानासहित तीन वर्षसम्मको कैद हुनसक्ने कानुनी प्रबन्ध रहेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पातिखोला गुफाको संरक्षण गर्न पूर्वाधार निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा पर्ने पौराणिक तथा ऐतिहासिक पातिखोला (गुप्तकालिका) गुफाको संरक्षण र पूर्वाधार निर्माणका लागि पहल सुरु भएको छ।

माछापुच्छ्रे गाउँपालिका-४ र ५ को सिमानामा समुद्री सतहबाट एक हजार १०० मिटर उचाइमा रहेको यस गुफा संरक्षणका लागि संरक्षण समिति गठन गरेर काम अघि बढाइएको हो । गुफा ५५ मिटर लामो रहेको छ । पातिखोला गुफा संरक्षण समितिका सचिव रुद्रनाथ अधिकारीले ऐतिहासिक दृष्टिकोणमा यो गुफाको महत्व रहे पनि प्रचार प्रसारको अभावका कारण ओझेलमा परेको बताउनुभयो । उहाँका अनुसार गुफाबारे विभिन्न किम्वदन्ती पाइन्छ । देवी भगवतीले भैरवलाई संरक्षण गरेर राखेको किम्वदन्ती अनुसार हाल गुफा परिसरमा देवी र भैरवको मूर्ती राखेर पूजाआजा हुँदै आएको छ । अधिकारीका अनुसार पौराणिक रुपमा गुफामा देवीले तपस्या गरेको किम्वदन्ती छ। सो स्थानमा देवी र भैरवबीच लामो समय द्वन्द्व चलिरहँदा देवी अचानक सो पातीखोला गुफामा तपस्या गर्न जाँदा भैरव देवीको पिछा गर्दै जाने क्रममा देवी भक्त हनुमान सो गुफाको द्वारपाल भएर बसेका बेला हनुमान र भैरवबीच लडाईं भएपछि देवी गुफाबाट निस्केर भैरवको शीर छेदन गरेको र पछि भैरवले आफूले गल्ती गरेको भन्दै माफी मागेर आफूलाई देवीसँगै राख्न अनुनय विनय गरेपछि देवीले भैरवलाई संरक्षण गरेको किम्वदन्ती पाइन्छ । "जसअनुसार नै स्थानीयले गुफा परिसरमा देवी र भैरवको मूर्ति राखेर हालसम्म पूजा गर्दै आएका छन् ।" सचिव अधिकारीले भन्नुभयो । ऐतिहासिक तथा सांस्कृतिक इतिहास बोकेको पातिखोला गुफाको प्रचारप्रसारसँगै धार्मिक क्षेत्र पूर्वाधार विकासमा लागि रु पाँच करोडको गुरुयोजना बनाइएको पातिखोला गुफा संरक्षण समितिका अध्यक्ष अ क्या डम्बर सिंह गुरुङले जानकारी दिनुभयो।

उहाँका अनुसार गण्डकी प्रदेश सरकारको रु ४० लाख लागतमा गुफा परिसरको भिरालो जमिन सम्याउने र वरपर पर्खाल लगाउने काम सकिएको छ। अन्य बाँकी कामका लागि बजेट अभाव भएकाले आगामी वैशाख १७ देखि २४ गतेसम्म जोगिचौर मणि परिसरमा महायज्ञ गर्न लागिएको उहाँले जानकारी दिनुभयो । अध्यक्ष गुरुङले भन्नुभयो, "विगतमा यस ठाउँमा वर्षमा तीन पटक मेला लाग्ने गर्थो। हाल यो मेलाले निरन्तरता पाएको छैन । यस ठाउँमा पूर्वाधार विकास गरी व्यवस्थित बनाई मेलालाई पुन : निरन्तरता दिने र स्थानको ऐतिहासिकता र धार्मिक महत्वलाई अझ राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने लक्ष्य राखेका छौँ।"

पातिखोलमा विगतमा माघेसङ्क्रान्ति, श्री पञ्चमी र चैते दसैंमा गरी वर्षको तीन पटक कृषि व्यापारी, स्थानीय उत्पादनको बिक्री, विभिन्न परिकारका मिष्टान्न भोजनसहितको महोत्सव हुने गरेको स्थानीयको भनाइ छ। महायज्ञबाट करिब रु दुई करोड आर्थिक सङ्कलन गर्ने लक्ष्य लिएको र उक्त महायज्ञमा पण्डित दीपकप्रसाद पौडेलको प्रवचन गर्ने प्रचारप्रसार उपसमिति संयोजक यामबहादुर गुरुङले जानकारी दिनुभयो।

माछापुच्छ्रे-४ का वडाध्यक्ष मधुसूदन अधिकारीले ऐतिहासिक तथा धार्मिक रूपमा परिचित यस स्थानमा हुन लागेको महायज्ञलाई सफल बनाउनका लागि तयारीलाई तीव्र पारिएको बताउनुभयो । पोखराको टुँडिखेल बगरबाट १० किलोमिटर उत्तर पश्चिमतर्फ करिब आधा घण्टाको यात्रामा पातिखोला गुफा पुग्न सकिन्छ।

# पोखरा १६ का विपन्न महिलालाई बाख्रा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख



पोखरा महानगरपालिका वडा नं. १६ का विपन्न वर्गका महिलालाई बाख्रा वितरण गरिएको छ।

उनीहरुको आय आर्जनमा सहयोग पुर्याउने उद्धेश्यले अम्विका भागवत फाउन्डेशन र सम्झना सामाजिक सेवा समितिको सहकार्यमा त्यस वडामा रहेका विपन्न वर्गका पाँच जना एकल महिलालाई बाख्रा वितरण गरिएको कार्यक्रमको सहजिकरण गरेकी अनिता भट्टराई पौडेलले जानकारी दिईन्।

अन्नपूर्ण आत्मनिर्भर बाल आश्रममा आयोजित कार्यक्रममा त्यस वडाका सिर्जना नेपाली, पुर्णकुमारी नेपाली, राममाया विक,प्रेमकुमारीकार्कीरभोजमाया विकलाई बाख्रा हस्तान्तरण गरिएको हो उनीहरुलाई पोखरा १६ की वडा सदस्य मञ्जु नेपाली, अम्विका भागवत फाउण्डेसनका अध्यक्ष गणेश नेपाल, अम्विका नेपाल, भगवती नेपाल, अन्नपूर्ण आत्मनिर्भर बाल आश्रमकी शारदा बस्नेत र सहजकर्ता अनिता भट्टराई पौडेलले वितरण गरे।

कार्यक्रममा बोल्दै वडा सदस्य नेपालीले यस्ता कार्यक्रमले विपन्न परिवारको जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै, बाख्रापालनमार्फत महिलालाई दीर्घकालीन आम्दानीको आधार तयार हुने विश्वास व्यक्त गरिन् । उनले आगामी दिनमा पनि स्वरोजगारमूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाईन्।

फाउन्डेसनका अध्यक्ष गणेश नेपाल, अम्विका नेपाल, भगवती नेपाल र अन्नपूर्ण आत्मनिर्भर बाल आश्रमकी शारदा बस्नेतले महिलाहरूलाई आत्मनिर्भर बनाउन र जिविकोपार्जन मार्फत आय बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। सहजकर्ता अनिता भट्टराई पौडेलले आर्थिक रूपमा कमजोर तथा आयआर्जनका अवसर कम भएका महिलाहरूलाई पेवा स्वरूप बाख्रा प्रदान गरिएको बताईन्।

सहभागिले आय आर्जन बढेपछि लाभग्राही दिदीबहिनीहरूले पुनः अर्को आवश्यकता भएका महिलालाई एक एक ओटा बाख्रा हस्तान्तरण गर्न सुझाव दिए । सहयोग प्राप्त गरेका एकल महिलाहरूले यस सहयोगले आफ्नो जीविकोपार्जनमा थप टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्।

# नेपाली भूमि छिमेकीविरुद्ध दुरुपयोग हुन दिँदैनौँ: अर्थमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

अर्थमन्त्री डा स्वर्णीम वाग्लेले कुनै पनि छिमेकीविरुद्ध नेपाली भूमि दुरुपयोग हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै विकासको विश्वासिलो साझेदार चीनसँगको मैत्रीलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभएको छ।

यहाँस्थित चिनियाँ दूतावासले आज साँझ यहाँ आयोजना गरेको 'वसन्तको आवाज गीतसङ्गीतका साथ भित्री मङ्गोलियाको यात्रा' कार्यक्रममा उहाँले नेपालको सामाजिक-आर्थिक विकासमा चीन सरकारबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्नुभयो। अर्थमन्त्री डा वाग्लेले चीनसँगको दिगो सम्बन्ध भविष्यमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्दै चीन र नेपालबीचका भौगोलिक एवं सांस्कृतिक समानताका विविध पक्ष सुनाउनुभयो । उहाँले भित्री मङ्गोलियाको सांस्कृतिक वैभव द्विदेशीय सांस्कृतिक आदानप्रदानका निम्ति महत्वपूर्ण छ भन्नुभयो । शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित नेपाल-चीन सम्बन्धलाई भूपरिवेष्टितबाट भूजडित तुल्याउन चिनियाँ पक्षबाट भएको सहयोगको सराहना गर्दै अर्थमन्त्री डा वाग्लेले चीनले हासिल गरेको विकासबाट नेपालले सिक्न चाहेको बताउनुभयो । "राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो घोषणापत्रमा चिनियाँ समृद्धि र त्यसबाट नेपालले पाठ सिक्दै आर्थिक समृद्धिको मार्गमा अग्रसर हुनुपर्ने विषय समावेश गरेको छ", उहाँले भन्नुभयो।

चिनियाँ सहयोगमा निर्मित चक्रपथ, त्यसको विस्तार, केरुङ-काठमाडौँ सडक, रेलमार्गको सम्भाव्यता अध्ययन, मदन भण्डारी विश्वविद्यालय, निजामती अस्पताललगायत मुलुकको भौतिक पूर्वाधारमा प्राप्त सहयोग अतुलनीय रहेको अर्थमन्त्री डा वाग्लेले बताउनुभयो। नेपालमा चिनियाँ बैंक स्थापना, कृषि, पर्यटनलगायत पारस्परिक लाभका क्षेत्रमा अझ घनीभूत साझेदारीका निम्ति चिनियाँ पक्षसँग छलफल जारी रहेको बताउँदै उहाँले नेपालको चौतर्फी विकासका निम्ति दृढ सङ्कल्पका साथ क्रियाशील वर्तमान सरकारले सुशासन, आर्थिक र समृद्धिलाई केन्द्रमा राखेको जानकारी दिनुभयो । राष्ट्रियसभाका उपाध्यक्ष लीलाकुमारी भण्डारीले एकचीन सिद्धान्तप्रति नेपाल पूर्ण प्रतिबद्ध रहेको बताउँदै पञ्चशीलका सिद्धान्तमा आधारित दुई देशबीचको यो सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउनुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालको भरपर्दो विकास साझेदार चीनबाट निरन्तर प्राप्त सहयोगप्रति कृतज्ञता ज्ञापन गर्नुभयो । दुई देशबीचको विद्यमान सहयोगात्मक सम्बन्धलाई अझ सुदृढ तुल्याउनुपर्नेमा जोड दिँदै उपाध्यक्ष भण्डारीले सात दशक पुरानो नेपाल-चीन सम्बन्ध आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रमा पनि सघन हुँदै गएकामा प्रसन्नता प्रकट गर्नुभयो । नेपालका लागि चीनका राजदूत चाङ माओमिङले चीन-नेपालमैत्री तथा सहयोगका निम्ति नेपाल सरकार र नेपाली जनताप्रति आभार व्यक्त गर्दै नेपालको संस्कृति एवं प्राकृतिक सौन्दर्यबाट आफू मन्त्रमुग्ध भएको बताउनुभयो।

चीन-नेपाल रणनीतिक साझेदारीलाई अनन्तकालसम्म चिरस्थायी बनाउन आफू प्रतिबद्ध रहेको बताउँदै उहाँले 'बेल्ट एण्ड रोड'का माध्यमबाट नेपालको विकास प्रयासमा अझ सहयोग गर्ने चिनियाँ चाहना सुनाउनुभयो । हालै चीनले पारित गरेको १५औँ पञ्चवर्षीय योजना चीनको विकासका निम्ति मात्र नभई छिमेकी राष्ट्रहरूको उन्नयनमा पनि सहयोगी हुने विश्वास राजदूत चाङले व्यक्त गर्नुभयो । जनस्तरको द्विदेशीय सम्बन्धलाई अझ सुदृढ बनाउन हरसम्भव प्रयत्न गर्ने दृढता दोहोर्‍याउँदै उहाँले विगतमा भएका सहमति एवं सम्झौता कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसअवसरमा भित्री मङ्गोलियाका लोक संस्कृति, गीतसङ्गीत भित्री मङ्गोलिया स्वायत्त प्रदेशका कलाकारहरूले प्रस्तुत गरेका थिए। कार्यक्रममा मन्त्रिपरिषद्का सदस्य, पूर्वप्रधानमन्त्री, विभिन्न राजनीतिक दलका नेता, पूर्वसभामुख, कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, कामको सिलसिलामा यहाँ रहेका चिनियाँ तथा समाजका प्रतिष्ठित व्यक्तिहरू सहभागी हुनुहुन्थ्यो।

# लेउवा संघमा 'बिजनेश ईन्कुबेशन' सम्बन्धी अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख




लेखनाथ उद्योग वाणिज्य संघमा 'बिजनेश ईन्कुबेशन' सम्बन्धी अभिमुखिकरण कार्यक्रम बुधबार सम्पन्न भएको छ।

लेखनाथ क्षेत्रमा दिगो पर्यटन सम्बन्धी नवप्रर्वतनशिल व्यवसायहरुको वृद्धि उन्मुखका लागि सञ्चालन हुन गईरहेको ३ महिने व्यवसाय सर्म्वद्धन कार्यक्रमको विषयमा जानकारी दिने उद्धेश्यले अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा 'द ईन्कुबेटर एकेडेमी' का सञ्चालक निरज खनाल र दिप्ती खकुरेलले बिजनेश ईन्कुबेशन र आगामी कार्यक्रमको बारेमा सहजकिरण गरेका थिए। कार्यक्रममा स्वागत गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुलीले व्यवसायीक योजना र काम गर्ने ईच्छाशक्ति हुँदाहुँदै पनि उपयुक्त व्यवसायीक वातावरण र लगानी नभएर व्यवसायी बन्न नसक्नेहरुका लागी यो कार्यक्रम सुर्वण अवसर भएको वताउँदै आफ्नो व्यवसायीक योजना पेश गर्न आव्ह्वान गरेकी थिईन।

लेखनाथ उद्योग वाणिज्य संघको आयोजना तथा औधोगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोग र 'द ईन्कुबेटर एकेडेमी'को सहकार्यमा नवप्रर्वतनशिल व्यवसायहरुको प्रर्वद्धनका लागी सञ्चालन हुने परियोजना करिब तिन महिनासम्म सञ्चालन हुनेछ।

परियोजना अन्तर्गत पहिलो चरणमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ भने दोश्रो चरणमा आवेदन आव्ह्वान, तेश्रो चरणमा शीर्ष १० व्यवसायीहरुको छनोट गरि ३ दिने बुट क्याम्प सञ्चालन गरिनेछ भने चौंथो तथा अन्तिम चरणमा ईन्क्युबेशन तथा मेन्टरशिप सहयोग प्रदान गरिनेछ।

कार्यक्रममा सहभागी हुन चाहने व्यक्तिहरुले सुचना प्रविधि, कृषि उत्पादन, ट्राभल, पर्यटन, सुनचाँदी, हस्तकला, फर्निचर, निर्माण लगायतका क्षेत्रबाट लेखनाथ क्षेत्रको दिगो पर्यटनमा टेवा पुग्ने खालको व्यवसायीक योजना सहित आवेदन दिनुपर्नेछ। आवेदन यहि बैशाख १३ गतेसम्म लेखनाथ उद्योग वाणिज्य संघको कार्यालय वा संघको वेबसाईटमा गएर अनलाईनमार्फत आवेदन दिन सक्नेछन । वृद्धि खोजिरहेका तथा नवप्रर्वतनमा आधारित भएका व्यवसायहरुका लागि सार्वजनिक आव्ह्वान गरि नवप्रर्वतन, दिगोपन, विस्तार सम्भावना तथा बजार क्षमताका आधारमा १० व्यवसायलाई छनोट गरिनेछ। संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझाले र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बाँस्तोलाले गरेका थिए।

# जलवायुसम्बन्धी नौबुँदे गोक्यो घोषणापत्र जारी

**रासस**
काठमाडौं, ९ बैशाख

जलवायु न्यायका लागि हिमाली र पर्वतीय राष्ट्रहरूको नेतृत्व नेपालले गर्नुपर्नेलगायत नौबुँदे गोक्यो घोषणापत्र जारी गर्दै खुम्बु क्षेत्रमा जलवायु सम्मेलन सम्पन्न भएको छ।

सोलुखुम्बुको खुम्बु पासाङल्यामु गाउँपालिका र जलवायुका क्षेत्रमा कार्यरत संस्था 'साथसाथै'ले आयोजना गरेको गोक्यो जलवायु सम्मेलनपछि घोषणापत्र जारी गरिएको हो । विश्व पृथ्वी दिवसको अवसरमा आज गोक्योमा आयोजित सम्मेलनपछि जारी गरिएको घोषणापत्रमा जलवायु कूटनीति सुदृढीकरण गर्न र अन्तरराष्ट्रिय मञ्चहरूमा हिमाली मुद्दालाई प्राथमिकताका साथ उठाउनुपर्ने उल्लेख छ।

विषयगत विज्ञसहित काठमाडौँदेखि लुक्ला-नाम्चे-खुम्जुङ- मचेर्मो हुँदै टोली गोक्यो पुगी सो घोषणापत्र जारी गरेको सो संस्थाले जनाएको छ। प्रतिनिधिसभाका पूर्वउपसभामुख तथा सांसद इन्दिरा राना मगरले घोषणापत्र वाचन गर्दै नागरिक तहबाट जलवायु न्यायका लागि सरकारलाई झकझक्याउने काम गरेकामा आयोजकप्रती खुसी प्रकट गर्नुभयो।

"जलवायु परिवर्तनले ल्याएको समस्या थेग्न सरकार एक्लैले सक्दैन, यसरी प्रभावित क्षेत्रमै पुगेर नागरिकसगँ हातेमालो गर्नुपर्छ", उहाँले भन्नुभयो, "सरकार र संसद्ले पनि यो घोषणापत्रमा उल्लेखित सुझावहरू सुन्नुपर्छ।" अन्तर्क्रियामा सहभागी हुँदै गोक्यो क्षेत्रमा पुग्नुभएका हिमनदी विज्ञ अरूणभक्त श्रेष्ठले हिमताल फुट्ने जोखिमको खतरा सम्बोधन गर्न यो सम्मेलनले ध्यानाकर्षण गराउने बताउनुभयो।

# शाहलाई मरणोपरान्त राष्ट्रिय खेलकुद पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

पोखरामा क्रियाशील नेपाल भूतपूर्व खेलाडी मञ्चमा स्थापित राष्ट्रिय खेलकुद पुरस्कार नेपाली खेलकुद क्षेत्रमा योगदान पुर्‍याएबापत शरद्चन्द्र शाहलाई मरणोपरान्त प्रदान गरिएको छ।

मञ्चको रजत महोत्सव समापन समारोहमा दिवङ्गत शाहका परिवारजनलाई उक्त पुरस्कार समर्पण गरिएको हो।

रु एक लाखसहित पदक र सम्मानपत्र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, मञ्चका अध्यक्ष दिलबहादुर गुरुङलगायतले संयुक्त रूपमा दिवङ्गत शाहका श्रीमती रमा शाह र छोरी मिमोही शाहलाई हस्तान्तरण गरिएको थियो। नेपाली खेलकुद क्षेत्रको विकासमा पुर्‍याएको उल्लेखनीय योगदानको कदर गर्दै शाहलाई मरणोपरान्त पुरस्कार प्रदान गरिएको मञ्चका अध्यक्ष गुरुङले बताउनुभयो।

दवङ्गत शाहले विसं २०३४ देखि २०४५ सम्म राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो । राष्ट्रिय खेलकुद प्रतियोगिता, नगर खेलकुद प्रतियोगिता तथा दक्षिण एसियाली खेलकुद प्रतियोगितालाई संस्थागत र चलायमान बनाउन उहाँको महत्वपूर्ण भूमिका रहेको थियो। मञ्चका संस्थापक खड्क रानाभाटले उक्त पुरस्कार स्थापना गर्नुभएको हो।

हरेक दुई वर्षमा राष्ट्रियस्तरमा उक्त पुरस्कार प्रदान गर्ने गरिएको मञ्चका अध्यक्ष गुरुङले बताउनुभयो । मञ्चले पोखरा अन्तरराष्ट्रिय म्याराथनको आयोजना गर्दै आएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# विवादपछि गृहमन्त्री सुधनको राजिनामा

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका अगुवा सुधन गुरुङले चैत १३ मा गृह मन्त्रालयको नेतृत्व सम्हाले । राष्ट्रिय स्वतन्त्र पार्टीबाट गोरखा निर्वाचन क्षेत्र नम्बर-१ मा चुनाव जितेका गुरुङले त्यसैदिनबाट आफ्नो रफ्तार बढाएका थिए। तर, लगातार विवादमा परेपछि उनले २६ दिनमा राजीनामा दिन बाध्य भए। बुधबार गुरुङले प्रधानमन्त्री बालेन्द्र 'बालेन' शाहलाई राजीनामा बुझाएर नैतिकता र छानबिनलाई सहयोग गर्न भनेका छन । विवादास्पद गौरीबहादुर कार्की नेतृत्वको आयोगको सिफारिस अनुसार पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न हतार गरेका गृहमन्त्री गुरुङ विवाद र चर्चाको केन्द्रमा रहे । गृह जस्तो महत्त्वपूर्ण मन्त्रालयलाई स्टण्ट गर्ने र राजनीतिक प्रतिशोध माध्यम बनाए।उनको कदमलाई सर्वोच्च अदालतले रोक लगाएको थियो ।

मन्त्री भएको भोलिपल्ट बिहानै ओली र लेखक पक्राउ परेपछि गुरुङले सामाजिक सञ्जाल (फेसबुक)मा जेनजी आन्दोलनका सहिदको शवको तस्बिर राखेर लेखे, 'प्रतिज्ञा भनेको प्रतिज्ञा होः कानुन भन्दा माथि कोही छैन, पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिएका छौं। यो कसैप्रति प्रतिशोध होइन, केवल न्यायको सुरुवात हो। मलाई विश्वास छ, अब देशले नयाँ दिशा लिनेछ ।' उनले लगातार हाइप्रोफाइलहरु पक्राउको शृखला सुरु गरे । पूर्वमन्त्री दीपक खड्का, व्यवसायी दीपक भट्ट र शङ्कर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाल पक्राउ परे । हाइप्रोफाइल पक्राउ गरेपछि गुरुङले सामाजिक सञ्जालमार्फत सङ्ख्या उल्लेख गर्दै 'काउण्ड डाउन' सुरु गरेका थिए। उनले पक्राउ गरेका आरोपीहरू मध्ये व्यापारी सुलभ अग्रवाल र दीपक भट्ट मात्रै अहिले थुनामा छन्।

केपी ओली, रमेश लेखक, लुम्बिनी प्रदेशसभा सदस्य रेखाकुमारी शर्मा र दीपक खड्का अदालतको आदेशले छुटेपछि वैशाख ३ मा साँझ पत्रकारहरूसँग कुरा गर्दै गुरुङले भने, 'मन्त्री भन्दा जज (न्यायाधीश) शक्तिशाली हुने रहेछ, म अब कानुन पढ्दै छु ।' हल्ला नगरी काम गर्ने गृह मन्त्रालयलाई नै हल्का बनाउन खोजे । चैत २९ मा मन्त्री परिषद्को निर्णय अनुसार प्रधानमन्त्री कार्यालयले विवरण गरेको सम्पत्ति विवरणमा सुधन गुरुङ र परिवारको नाममा करिब २६० रोपनी जग्गा रहेको उल्लेख गरिएको थियो । ८९ तोला सुन र ६ किलो चाँदी गुरुङको सम्पत्तिको विवरणमा उल्लेख भएको भेटिएपछि सामाजिक सञ्जालमा उनको आलोचना भयो। त्यसपछि उनले सामाजिक सञ्जालमा लेखे, 'तिमि जन्मँदै गरिब जन्मनु त्यो तिम्रो गल्ती होइन, तिमी मर्दा गरिब मर्नु त्यो तिम्रो गल्ती हो ।'

तीव्र आलोचना भएपछि गुरुङले सामाजिक सञ्जालबाट आफ्नो स्ट्याटस हटाए। भूमि सम्बन्धी ऐन अनुसार गुरुङलाई जग्गाको हदबन्दी लाग्न सक्छ । पोखरामा २० रोपनी जग्गा भाडामा लिएर भाडा नतिरेको घटनामा पनि गुरुङको तीव्र आलोचना भयो । पछिल्लो समय उनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको थुनामा रहेका दीपक भट्टको कम्पनीमा साझेदार रहेको तथ्य बाहिरियो । भट्टको लिबर्टी माइक्रो इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्सको सेयर किनेको विषयमा उनीमाथि धेरै प्रश्न उठ्यो। रकमको श्रोतबारे प्रश्न उठेपछि उनले सो सापटी लिएर सेयर किनेको दाबी गरे। तर, प्रश्न रोकिएनन्। कुल ५० लाख मूल्य बराबरको सेयर र भट्टसँगको 'कनेक्सन'बारे चित्तबुझ्दो जवाफ दिन नसकेपछि गुरुङको गृह मन्त्रालयको यात्रामा ब्रेक लागको छ।

# ताकम-हिलापोखरी-सोलवाङ सडक स्तरोन्नति सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ बैशाख

म्याग्दीको धौलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने वैकल्पिक सडक स्तरोन्नति थालिएको छ।

गण्डकी प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा ताकम-हिलापोखरी-सोलवाङ सडक स्तरोन्नतिका लागि आयोजना सञ्चालन भएको हो । ताकमदेखि हिलापोखरी-सोलवाङ हुँदै जोड्ने यो गाउँपालिकाको केन्द्र रहेको मुना जोड्ने छोटो दूरीको र वैकल्पिक सडक हो।

चालु आर्थिक वर्षमा रु एक करोड बजेट विनियोजन भएको यस आयोजना निर्माणका लागि २०८२ माघ महिनामा सापकोटा विल्डर्ससँग रु ७४ लाख ८६ हजार ४५२ मा ठेक्का सम्झौता भएको थियो। यस वर्ष ताकमदेखि हिलापोखरी खण्डको ८०० मिटर दूरीमा सडकलाई फराकिलो पार्ने, ४५० मिटर नाली, २५० घनमिटर ग्यावियन पर्खाल र चार ठाउँमा खोल्सामा कल्भर्ट निर्माण गर्न लागिएको धौलागिरि गाउँपालिकाका सवइञ्जिनियर लोकेन्द्र रावलले जानकारी दिनुभयो । गत फागुन महिनादेखि आयोजना निर्माणस्थलमा परिचालन भएको निर्माण कम्पनीले हालसम्म ५० प्रतिशतभन्दा बढी भौतिक प्रगति गरेको छ । आगामी असार महिनासम्म ठेक्का सम्झौताको अवधि रहे पनि मजदुर र उपकरण परिचालन गरेर लक्ष्यअघिनै सम्पन्न गर्ने निर्माण कम्पनीका सञ्चालक भीम सापकोटाले बताउनुभयो।

इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धि भएको असहज अवस्थामा पनि आयोजना निर्माणलाई निरन्तरता दिएको उहाँले बताउनुभयो । ताकमदेखि शिवाङ-मच्छिम- घट्टेखोला हुँदै मुना जोड्ने मुख्य सडक प्रदेश सरकारमार्फत स्तरोन्नतिको क्रममा छ। ताकमदेखि करिब छ किलोमिटर दूरीको हिलापोखरी हुँदै मुना जोड्ने कच्ची सडकमा २० मिनेटमा यात्रा गर्नुपर्छ भने शिवाङ-मच्छिम हुँदै मुना जोड्ने सडकमा हाल करिब ४० मिनेट लाग्छ। ताकमदेखि हिलापोखरी खण्डमा स्थानीयवासीको अगुवाइमा विसं २०७० मा मार्ग खोलिएको थियो।

हिलापोखरी-सोलवाङ-मुनाखण्डको सडकको मार्ग खोल्ने काम स्थानीय तह कार्यान्वयनमा आएपछि भएको हो । ढोरपाटन र पूर्वी रुकुमसँग जोडिने रणनीतिक महत्वको मुख्य सडक बन्द भएको अवस्थामा र छोटो दूरीमा यात्रा गर्न चाहने हलुका सवारीसाधन तथा हिलापोखरी, सोलवाङका बासिन्दालाई सहज यातायातको व्यवस्था मिलाउन स्तरोन्नतिमा प्राथमिकता दिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो।

# म्याग्दीको जलजलामा आन्तरिक पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ बैशाख



यहाँको धवलागिरि गाउँपालिका-२ मा रहेको जलजलामा पर्यटकको चहलपहल बढ्न थालेको छ । म्याग्दीको बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना-खोरिया-मरेनी-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलेपछि जलजलामा आन्तरिक पर्यटक बढेका हुन्।

समुन्द्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको माथिल्लो जलजलामा छ वर्षदेखि 'गोठस्टे' सञ्चालन गर्दै आउनुभएका धवलागिरि गाउँपालिका-२ लुलाङका फूलबहादुर विकले दैनिकजसो पर्यटक आउन थालेका बताउनुभयो। "यसअघि ढोरपाटनमा आएका सीमित पर्यटकमात्रै जलजलामा आउने गरेका थिए", उहाँले भन्नुभयो, "म्याग्दी-ढोरपाटन र पूर्वीरुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार-पाँचवटा गाडी तथा १५-२० वटा मोटरसाइकलमा पर्यटक आउन थालेका छन् ।" बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुनमा मार्ग खुलेपछि पूर्वीरुकुमको पुथाउत्तरगङ्गा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरू जलजलादेखि मुना हुँदै फर्कने 'रुट' बनाउन थालेका छन् । मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहसिक र आकर्षक गन्तव्य बनेको छ। चार जनाको समूहमा दुईवटा मोटरसाइकलमा तीन दिनमा बुटवलबाट तकसेरा-ढोरपाटन-जलजला हुँदै पोखराको यात्रा गरेका बुटवलका सुदीप न्यौपानेले नयाँ मार्गमा साहसिक र रोमाञ्चक यात्रा भएको अनुभव सुनाउनुभयो । घना जङ्गलको शिरमा समथर घाँसेमैदान । पृष्ठभूमिमा हिमालहरूको लामो लर्कन । बिहानीमा सूर्योदय र साँझकोसूर्यास्तकोमनमोहकदृश्य। शरद्याममा खुलेका आकाश । वसन्तयाममा पाखाभरि ढकमक्क फुलेका लालीगुराँस । वन्यजन्तु र पन्छीहरूको आवाज । शान्त र एकान्त वातावरण पूर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लाको भूगोलमा फैलिएको ढोरपाटन सिकार आरक्षको आकर्षण हो।

जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएको धवलागिरि गाउँपालिका-२ लमसुङबाट घुम्न गएकी बिनु पुनले बताउनुभयो । "शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउँदा समय बितेको पत्तै नहुँदोर हेछ", उहाँले भन्नुभयो, "समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गरायो ।"जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ। बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विषेशता हो। गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन। म्याग्दीको लुलाङका विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आउनुभएको छ । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैं बन्दोबस्तीका सामान लगेर जानुपर्छ।

ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ। धवलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ। जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को बासस्थान भएकाले थप महत्व रहेको छ।

दुईतर्फबाट पैदलयात्रा गरेर जलजला पुग्न पाँचदेखि छ घण्टा लाग्छ । जलजला धवलागिरि गाउँपालिकाको मुना, दर, फलियागाउँ, लुलाङ, लमसुङ, खोरिया र मरेनीका बासिन्दाको चरन क्षेत्र हो । धवलागिरि गाउँपालिकाको कार्यपालिकाका प्रवक्ता देवेन्द्र रोकाले म्याग्दीको मुना हुँदै ढोरपाटन र पूर्वीरुकुमको तकसेरा जोड्ने सडकको मार्ग खोल्नुको एउटा उद्देश्य जलजलालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु पनि भएको बताउनुभयो । यस वर्ष धवलागिरि गाउँपालिकाले जलजलामा सार्वजनिक शौचालयलगायत पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्द्धनको कार्यक्रम आयोजना गर्ने तयारी गरेको वडा नं ३ का अध्यक्षसमेत रहनुभएका रोकाले बताउनुभयो।

# ओमानसँग नेपाल ए टोली पराजित

**रासस**
काठमाडौं, ९ बैशाख

ओमान विरुद्धको एकदिवसीय शृङ्खलाको पहिलो खेलमा नेपाल ए टोली पराजित भएको छ।

काठमाडौंस्थित माथिल्लो मुलपानी क्रिकेट मैदानमा आज भएको खेलमा ओमानले नेपाल ए लाई ७० रनले पराजित गरेको हो । ओमानले दिएको २८१ रनको लक्ष्य पछ्याएको नेपाल ए ४४ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै २१० रनमा समेटियो । नेपालका लागि इशान पाण्डेले सर्वाधिक ५२ रनको अर्धशतकीय इनिङ खेले। उनले ६२ बलको सामना गर्दै ३ चौकाको सहयोगमा ५२ रनको योगदान गरेका हुन् । त्यसैगरी कप्तान अनिलकुमार साहले ६४ बलमा ६ चौकाको सहयोगमा ५० रन बनाए। त्यस्तै तृतराज दासले ४८ बलमा ३१ रन बनाए। देव खनालले ४३ रन बनाउँदा सन्दीप जोरा २२ रनमा आउट भए । बलिङतर्फ ओमानका शकिल अहमदले ३ विकेट लिए भने नदिम खान र मुजिबर अलिले समान २/२ विकेट लिए । त्यस्तै होनैन अलिले १ विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको ओमानले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २८० रनको योगफल बनाएको थियो। ओमानका लागि मुजिबुर अलिले सर्वाधिक ७२ रनको अर्धशतकीय इनिङ खेले । उनले ८५ बलको सामना गर्दै ४ चौका र ३ छक्काको मद्दतमा ७२ रन बनाएका हुन् । कप्तान जितेन्दर सिंह ४८ बलमा ५८ रन बनाए । हषिर डपादारले ४६, आशिष ओडाराले २७ तथा विनायक शुक्ला २५ रन बनाए । जितेन रामानन्दी १७ रनमा अविजित रहे। यता नेपाल ए का लागि आकाश चन्दले ४ विकेट लिँदा सन्तोष यादवले २ तथा शाहव आलम, शेर मल्ल र रशिद खानले समान १/१ विकेट लिए। नेपाल ए र ओमानबीच अर्को खेल यही वैशाख ११ गते हुनेछ । यही वैशाख १२ गतेदेखि सुरुआत हुने आइसिसी विश्वकप लिग दुई अन्तर्गतको त्रिकोणात्मक सिरिज खेल्न ओमान नेपाल आएको हो। उक्त प्रतियोगिताको तयारी स्वरूप ओमानले नेपाल ए टोलीसँग खेलेको हो। विश्वकप लिग दुईको त्रिकोणात्मक सिरिजमा नेपालसहित संयुक्त अरब इमिरेट्स (युएई) र ओमान सहभागी छन्।

# महान्यायाधिवक्ता डा कँडेलविरुद्ध तीन रिट

**रासस**
पोखरा, २ बैशाख

सर्वोच्च अदालतका महान्यायाधिवक्ता डा नारायणदत्त कँडेलको नियुक्तिसम्बन्धी योग्यतामा प्रश्न उठाउँदै तीन रिट निवेदन दायर गरिएका छन्।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार आज महान्यायाधिवक्ता डा कँडेलको नियुक्तिविरुद्ध तीन रिट निवेदन दर्ता भएका र उक्त विषयमा बिहीबार सुनुवाइ हुने जानकारी दिनुभयो । महान्यायाधिवक्ता डा कँडेलको नियुक्तिसम्बन्धी योग्यतामा प्रश्न उठाउँदै अधिवक्ताहरू माधव बस्नेत, दिपकराज जोशीलगायतले रिट निवेदन दायर गर्नुभएको हो। रिट निवेदनमा महान्यायाधिवक्ताजस्तो पदमा अयोग्य व्यक्ति नियुक्त गरेको उल्लेख गरिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले गत चैत २२ गते डा कँडेललाई महान्यायाधिवक्ता नियुक्त गर्नुभएको थियो। प्रधानमन्त्री शाहले सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्तिलाई महान्यायाधिवक्ता नियुक्त गर्नसक्ने संवैधानिक व्यवस्था छ।

# १० औं पोखरा स्पोर्टस अवार्डलाई टाइगर ग्रुपको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, ९ बैशाख

१० औं पोखरा स्पोर्टस अवार्डलाई टाइगर ग्रूप अफ पोखराले सघाउने भएको छ।

रारा तयारी चाउचाउको टाईटल स्पोन्सर र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी वैशाख १८ गते पोखरामा हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डका लागि विगतमा जस्तै सहयोगलाई निरन्तता दिने भएको हो।

टाईगर ग्रुप अफ पोखराका अध्यक्ष नारायण शर्मा र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगर बीच १० औं पोखरा स्पोर्टस अवार्डमा सहयोग गर्ने गरी सम्झौता भएको छ। सम्झौता पत्रमा हस्ताक्षर गर्दै टाईगर ग्रुप अफ पोखराका अध्यक्ष नारायण शर्माले गण्डकी प्रदेशकै गौरव गर्ने कार्यक्रम मध्ये उत्कृष्ट रहेको पोखरा स्पोर्टस अवार्ड संग सहकार्य गर्न पाउदा गौरव महशुस भएको बताए । खेलकुद क्षेत्रको बिकासका लागि पोखरा स्पोर्टस अवार्ड कार्यक्रम महत्वपूर्ण रहेको वताउदै खेलकुद क्षेत्रमा प्रदेशको गौरव बढाउन समेत यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने समेत बताए।

त्यस्तै मञ्चका अध्यक्ष एमबी आस्था मगरले भलिवल प्रतियोगिता मार्फत गण्डकी प्रदेशमा बेग्लै पहिचान बनाउन सफल टाईगर ग्रुपको साथ र सहयोग पाउदा पोखरा स्पोर्टस अवार्ड आयोजक कमिटिमा थप हौसला बढेको बताए । विगत देखिनै सहकार्य गर्दै आइरहेको टाइगर ग्रुप संगको सहकार्यलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो । आगामी वैशाख १८ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिदै छ। जसमा लाइफटाईम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उदियमान खेलाडी, वर्ष उत्कृष्ट खेल संघ संस्था, पिपुल्स च्वाइस अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन । पोखरा स्पोर्टस अवार्डमा पिपुल्स च्वाइस अवार्डका लागि गुरुङ गहना घर प्रालिले स्कुटर प्रायोजन गरेको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



HIMALAYANLIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१००१२३०० | रमेश आले | क्याक्मी ०५, स्याङ्जा |

# ढुङ्गा ढुङ्गामा कोरिँदै मूर्तिकला

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ बैशाख

घरपफोङ गाउँपालिकाले पन्ध्र दिने घरपफोङ मूर्तिकला कार्यशाला शुभारम्भ गरेको छ । घरपफोङ गाउँपालिकाको आयोजना तथा ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँको सहकार्यमा मूर्तिकला कार्यशाला आयोजना गरिएको हो ।

मुस्ताङ जिल्लाको समग्र धार्मिक तथा सांस्कृतिक सम्पदा एवं यहाँको मौलिकता, रहनसहन, जैविक विविधतालाई झल्काउने गरी मूर्तिकलामार्फतबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित मूर्तिकला कार्यशाला गरिएको हो । कालिगण्डकी नदीमा पाईने विशाल ढुङ्गालाई बाहिर निकालेर मूर्तिकारहरुले यहाँको मौलिकता झल्कने सृजनालाई मूर्तिकलाको स्वरुपमा बदल्ने भएका छन् । कालगण्डकी नदीमा पाइने ढुङ्गालाई छनौट गरी मूर्तिकला कुदन दर्जनौँ ढुङ्गामा जोमसोममा एकत्रित गरी सङ्कलन गरिएको छ । सीमित स्रोत मात्रै उपलब्ध भएकाले अपेक्षा गरे अनुरुपका ढुङ्गाहरु सङ्कलन गर्न सकिएको छैन । घरपफोङ गाउँपालिकाले सङ्कलन गरी राखेका कालिगण्डकी विशाल ढुङ्गामा विभिन्न प्रकारका मूर्तिहरुको आकृति कोरिने योजना रहेको छ । घरपफोङ मूर्तिकला कार्यशालाका लागि ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा २१ मूर्तिकार र एक दर्जन बढी सहयोगी मूर्तिकार मुस्ताङ आई पुगेर काम सुरु गरिसकेको ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले जानकारी दिनुभयो । कालिगण्डकी नदीका ढुङ्गाहरुमा यहाँको जीवन्त मौलिक कलासंस्कृतिलाई मूर्तिकलामार्फत उजागर गरिने प्रमुख महतोले बताउनुभयो । यहाँको मौलिक पहिचान र कलाकारको सृजनालाई मूर्तिकलाको माध्यमबाट मूर्त रुप दिइने छ ।

धार्मिक तथा पर्यटकीय जिल्लाको रुपमा रहेको मुस्ताङलाई यहाँको पर्यटन विकासमा योगदान पुग्ने गरी १५ दिने कार्यशालाले ठूलो टेवा पुऱ्याउन सक्ने प्रमुख महतोको भनाइ छ । घरपफोङ मूर्तिकला कार्यशाला २१ वैशाखसम्म चल्ने छ । ढुङ्गामा कुदिने मूर्तिकलाबाट यहाँको भगवान विष्णुको स्वरुप शालिग्राम, भगवान नारायण, बुद्ध र गुरु पद्मसम्भव अर्थात गुरु रिम्पोछें, घरपफोङको पहिचान घरपफोङ किल्लाको आकृति कोरिने बताइएको छ ।

यसैगरी कालिगण्डकी नदीका ढुङ्गाहरुमा यहाँको धर्मसस्कृति, रहनसहन, हिउँ चितुवा, याकचौरीलगायतका यहाँको पर्यावरणको सम्पूर्ण प्रतिनिधित्व झल्काउने गरी मूर्तिकारहरुले आफ्नो सृजना पस्किने प्रमुख महतोले उल्लेख गर्नुभयो । यहाँको मूर्तिकला कार्यशालामा कार्य अवधिभर २१ ठूला आकारका ढुङ्गामा मूर्तिकला सृजना प्रस्तुत हुनेछन् । यसका अलावा तोकिएको अवधिभन्दा अघि नै ढुङ्गामा मूर्तिकलाको काम सकिएमा थप अरु ढुङ्गाहरुमा क्रमशः मूर्तिकला कुदने लक्ष्य राखिएको छ । घरपफोङ मूर्तिकला कार्यशालाले मुस्ताङको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याउने गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो ।

मुस्ताङको कालिगण्डकी नदीमा पाइने सबै ढुङ्गाहरु स्वतः शालिग्राम रहेको उल्लेख गर्दै अध्यक्ष लालचनले पर्यटकहरुको घुमफिर गर्ने बसाइ लम्याउने उद्देश्यले मूर्तिकला कार्यशाला चलाइएको बताउनुभयो । मुस्ताङमा अधिकांश धार्मिक पर्यटक हिन्दू धर्मालम्बीको रहेकाले यहाँको पवित्र ढुङ्गा (शीला) मा हिन्दू तथा बौद्ध धर्मको समान अस्तित्व रहेने गरी मूर्तिकारले आफ्ना सृजना कोर्ने कार्यक्रम रहेको छ । कोरला नाका, उपल्लो मुस्ताङ र मुक्तिनाथ दर्शन गरी फर्किने पर्यटकहरु सिधैँ गन्तव्यतर्फ प्रस्थान गर्ने भएकाले मूर्तिकलाको प्रस्तुतीले पर्यटकहरुको बसाइ लम्याउन सहयोग पुग्ने विश्वास गरिएको छ । घरपफोङ गाउँपालिका कार्यालय नजिकैको खुला प्राङ्गणमा मूर्तिकला सुरु गरिएको छ । यसका लागि घरपफोङ गाउँपालिकाले ढुङ्गा र विद्युत् व्यवस्थापन मिलाएको छ । काठमाडौँको मूर्तिकार अनमारी तामाङले मुस्ताङको उच्च उचाइको स्थानमा पहिलो पटक मूर्तिकला प्रस्तुत गर्न आइपुगेको जानकारी दिनुभयो । तराई र पहाडका क्षेत्रमा मूर्तिकला कोर्ने अनुभवभन्दा यहाँको मूर्तिकला अनुभव केही फरक रहेको बताउनुभयो । यहाँको हावाहुरी र चिसोका कारण मूर्तिकला कुदन केही असहज हुने मूर्तिकार तामाङले उल्लेख गर्नुभयो ।

घरपफोङ मूर्तिकला कार्यशालामा कोरिएका ढुङ्गालाई जोमसोम बजारको कालीगण्डकी नदीको दायाँबायाँ किनारामा पार्क निर्माण गरी प्रतिस्थापन गर्ने जनाइएको छ । सोमबारदेखि सुरु गरिएको मूर्तिकला कार्यशालामा अहिले मूर्तिकारहरुले यहाँको ढुङ्गाहरुको अध्ययन गर्ने र मूर्तिकलाका लागि सेफ तयार गर्ने लगायतका काम गरेको बताइएको छ । ढुङ्गामा कोरिएका मूर्तिकलाबाट समग्र मुस्ताङ जिल्लाको पहिचानलाई झल्काउने कार्यशालाको मूल उद्देश्य रहेको छ ।

# ठुलीपोखरी-खौला सडक : वैशाख १० गतेदेखि ३० गतेसम्म आवतजावतमा रोक

पोखरापत्र संवाददाता
पर्वत, ९ बैशाख

तीन दशकअघि मार्ग खुलेको यहाँको दोविल्ला-सिल्मी-ठुलीपोखरी-खौला-कार्कीनेटा सडकअन्तर्गत ठुलीपोखरी-खौला खण्ड २० दिन बन्द हुने भएको छ ।

कालोपत्रको तयारीका लागि सो अवधिका लागि सवार सिाधनआवत जावत बन्द गरिएको हो जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवालाको बैठकले यही वैशाख १० गतेदेखि ३० गतेसम्म सडक बन्द गर्ने निर्णय गरेको हो ।

उक्त खण्डको झन्डै तीन किलोमिटर सडक अहिले कालोपत्र गर्न थालिएको छ । सडकमा चार पाङ्ग्रे सवारी बन्द गरिए पनि दुई पाङ्ग्रे सवारीसाधन भने सञ्चालन गर्न दिइने भएको छ । उक्त समयमा वैकल्पिक सडक प्रयोग गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ । वैकल्पिक सडकका रुपमा बाम्रा-गैराथोक-राताडाँडा हुँदै बुमी-लाम्पाटा-गहतेपोखरा-साइकलचोक सडक प्रयोग गर्न आग्रह गरिएको हो ।

अहिले ठुलीपोखरी-खौला खण्डमा कालोपत्र गर्नका लागि नाली निर्माण, सडक चौडा गर्ने, ग्याबियन जाली लगाउनेलगायत अन्य संरचना निर्माणको काम सम्पन्न गरी सबवेस बिछ्याउने काम भइरहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । कार्यालयका इन्जिनियर विज्ञान पौडेलका अनुसार गण्डकी प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत रु पाँच करोड ८० लाखमा सम्झौता भई गत वर्षदेखि निर्माणकार्य थालिएको हो । इन्जिनियर पौडेलले यस वर्ष झन्डै तीन किलोमिटर सडक कालोपत्र हुने र जसमध्ये २५० मिटर ढलान गरिने जानकारी दिनुभयो । सडक निर्माणको जिम्मा पाएको देवचुली-कालीगङ्गा जेभी निर्माण कम्पनीका इन्जिनियर प्रविन गुरुङले निर्धारित समयमै सडक कालोपत्र सम्पन्न गर्नका लागि अवरोध नहोस् भनेर सवारी आवागमन बन्द गरेर निर्माणकार्य धमाधम गरिएको जानकारी दिनुभयो ।

दोविल्ला-सिल्मी-ठुलीपोखरी-खौला-कार्कीनेटा सडकको सिल्मीदेखि ठुलीपोखरीसम्मको केही भाग यसअघि नै कालोपत्र भएको थियो । अहिले बाँकी रहेको खण्डमा ढलान तथा कालोपत्र गरी सम्पन्न हुने पूर्वाधार विकास कार्यालयले जनाएको छ । अब खौलादेखि कार्किनेटासम्मको झन्डै चार किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ । यो सडक कालोपत्र भएमा मध्यपहाडी लोकमार्गको वैकल्पिक सडकका रुपमा प्रयोग गर्न सकिने भएको छ । अहिले पनि स्याङ्जा, पाल्पा, बुटवलतर्फ जाने केही सवारीसाधनले यो मार्ग प्रयोग गर्दै आएका छन् ।

यो मार्गमा कालोपत्र गर्नका लागि पटकपटक बजेट माग गर्दा पनि पर्याप्त मात्रामा विनियोजन हुन नसकेको कुश्मा नगरपालिका-१२ ठुलीपोखरीका वडाध्यक्ष झलक रिमालले बताउनुभयो । आगामी आर्थिक वर्षमा पनि बजेट माग गरेर यसलाई पूरा गर्न लागिपरेको उहाँको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले विकास निर्माणको कार्य गर्ने बेला केही कठिनाइसमेत हुने भएकाले वैकल्पिक मार्ग प्रयोग गरी उक्त सडकलाई पूर्णता दिन सहयोग गर्न सो क्षेत्रका बासिन्दालाई आग्रह गर्नुभएको छ । उहाँले निर्माण व्यवसायीलाई २० दिनभित्र पूरै काम सम्पन्न गर्न अनुरोध गर्नुभएको छ ।

# दुई महिनापछि ढोरपाटनमा दादुरा सङ्क्रमण रोकथाम

पोखरापत्र संवाददाता
बागलुङ, ९ बैशाख

गत फागुन ८ गते ढोरपाटन नगरपालिका-७, ८ र ९ मा फैलिएको दादुरा संक्रमण नियन्त्रणमा आउन थालेको छ ।

विश्व स्वास्थ्य सङ्गठन, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र स्थानीय तहका स्वास्थ्यकर्मीको टोलीले सुङ्क्रमण नियन्त्रणका लागि प्रभावित क्षेत्रमा पुगेर अध्ययन गरी खोप अभियान चलाएको थियो । फागुन २९ गतेदेखि चैत २ गतेसम्म यस क्षेत्रका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएपछि सङ्क्रमण नियन्त्रणमा आउन थालेको हो ।

खोप लगाउनुभन्दा पूर्वदैनिक १० देखि १५ जना दादुराका शङ्कास्पद बिरामी अस्पतालमा आउने गरेकामा पछिल्लो आठ दिनपछि मङ्गलबार निसीखोला गाउँपालिकाको एक जना शङ्कास्पद बिरामी बुर्तिबाङ अस्पतालमा भर्ना भएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो । हालसम्म २३९ जना शङ्कास्पद बिरामी परेका थियो । चौतीस जना शङ्कास्पद बिरामीको नमूना परीक्षणका लागि काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएकामा १४ जनामा दादुरा सङ्क्रमण पुष्टि भएको प्रमुख शर्माको भनाइ छ । हालसम्म छ हजार १४० जना १० देखि १९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीलाई खोप लगाएको प्रदेश जनस्वास्थ्य कार्यालयका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । हालसम्म एक जनाबाहेक सबै शङ्कास्पद बिरामी निको भइसकेको उहाँ बताउनुहुन्छ ।

# पहाडकी रानी बन्दीपुर गाउँ पर्यटनको आकर्षक गन्तव्य

वासुदेव पौडेल र ऋषिराम बराल
गण्डकी, ९ बैशाख

प्राचीन समयमा व्यापारिक नाकाका रूपमा पहिचान बनाएको बन्दीपुर अहिले भने पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ ।

बन्दीपुर विगतमा मोटरबाटोको सुविधा नहुँदा पश्चिम पहाडका तनहुँ, कास्की, लमजुङ, गोरखा र मनाङबाट सामान ल्याएर बिक्री गर्ने प्रमुख व्यापारिक नाकाका रूपमा स्थापित थियो । तनहुँको सदरमुकामसमेत रहेको यहाँबाट २०२५ सालमा सदरमुकाम दमौली सारिएसँगै यसले व्यापारिक नाकाको पहिचान बदलेर पर्यटकीय गन्तव्यका रूपमा परिणत भएको हो । यहाँको सांस्कृतिक सम्पदा एवं प्राकृतिक मनोरमताले पर्यटकीय महत्वलाई झनै बढाएको छ । बन्दीपुरको भूदृश्यले तत्कालीन राजा महेन्द्रलाई पनि आकर्षित गरेको थियो । उहाँले त्यस समयमा नै बन्दीपुरलाई पहाडकी रानी उपमा दिनुभएको थियो । बन्दीपुरमा रहेका प्राचीन शैलीका घर तथा बस्तीसँगै वरपरका रमणीय दृश्य, खड्गदेवी माई, टुँडिखेल आदिले यहाँको आकर्षण बढाएको छ । मर्स्याङ्दी नदी तरेर बन्दीपुर जाने उकालो बाटोको चर्चा गर्दै मविबि शाहको लेखन र तारादेवीद्वारा गाइएको "बन्दीपुरे उकालो लामो, मर्स्याङ्दी ढुङ्गाले तेरे..." गीत अहिले पनि गुनगुनाउने गरिन्छ ।

बन्दीपुरको महिमा र गरिमालाई प्रवर्द्धन गर्न पछिल्लो समय विभिन्न पहल हुँदै आएको छ । गाउँ पर्यटनको नमूना गन्तव्यजस्तै रहेको बन्दीपुरमा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकीको सहआयोजनामा यही वैशाख १८ र १९ गते गाउँ पर्यटन मेला आयोजना गर्न लागिएको छ । बन्दीपुरमा पहिलो पटक प्रदेशस्तरीय 'गाउँ पर्यटन मेला २०८३' आयोजना गर्न लागिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो ।

बन्दीपुर गाउँपालिकाले 'बन्दीपुर गाउँ पर्यटन भ्रमण वर्ष' घोषणा गरेको सन्दर्भसमेत पारेर पर्यटन मेला गर्न लागिएको हो । "मेलाको मुख्य उद्देश्य गाउँका साना पर्यटन व्यवसायी र समुदायिक घरवास (होमस्टे) लाई सिधै सहरी बजार र ठूला एजेन्सीहरूसँग जोड्ने प्लेटफर्मको रूपमा विकास गर्ने हो", उहाँले भन्नुभयो, "मेलामार्फत होमस्टे र त्यहाँबाट दिने सेवालाई बजारसँग जोड्ने, गाउँ पर्यटनमा निजी तथा सरकारी लगानीलाई अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।"

मेलामा प्रदेशका ११ वटै जिल्लाबाट प्रतिनिधित्व गराउने पहल भइरहेको छ । उहाँले पर्यटन लक्षित कार्यक्रम पोखरामा मात्रै केन्द्रित नगरी प्रदेशका अन्यस्थानमा पुऱ्याउने योजना रहेको पनि बताउनुभयो ।

मेलामा बन्दीपुरको पर्यटनका विषयमा सामूहिक छलफल गरिने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । "गाउँ पर्यटनबाट समृद्धिको यात्रा, विभिन्न जातजातिको संस्कृतिक प्रस्तुति एवं प्रवर्द्धन, सामुदायिक घरवास तथा पर्यटन व्यवसायीका प्रवर्द्धनात्मक कक्षहरू मेलामा स्थापना गरिनेछ", उहाँले भन्नुभयो, "उक्त क्रममा यहाँको पर्यटन लक्षित सूचना तथा प्रचार सामग्री वितरणसँगै पर्यटकीय आकर्षणका विविध पक्षलाई उजागर गरिनेछ ।" बन्दीपुर र व्यास नगरपालिकालाई जोडेर 'होमस्टे सर्किट निर्माण' प्रक्रिया अगाडि बढाइएको छ । अध्यक्ष थापाका अनुसार यस सर्किटमा बन्दीपुर-२ को मोहोरिया, रामकोट, व्यास-१४ कुलुङ, केशवटार, रुम्सी, बन्दीपुर-६ धरमपानी, व्यास-१२ कमलाबारी, बन्दीपुर-५ कोरिखा, बन्दीपुर सामुदायिक होमस्टे, बन्दीपुरको धरमपानी होमस्टे, ऐतिहासिक हुस्लाङकोट गढी, कमलाबारी, कोरिखा र बन्दीपुर सामुदायिक होमस्टेलगायत समेटिएका छन् । बन्दीपुरको पर्यटन क्षेत्रमा छ अर्ब रुपैयाँभन्दा बढीको लगानी रहेको बताउँदै अध्यक्ष थापाले भ्रमण वर्ष २०२५ मा बन्दीपुरमा स्वदेशी तथा विदेशी गरी छ लाख २५ हजार पर्यटक आएको जानकारी गराउनुभयो । यस वर्ष ग्रामीण पर्यटन बन्दीपुर भ्रमण वर्ष २०२६ मा सात लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ । बन्दीपुर क्षेत्रका रामकोट, धरमपानी र कोरिखा होमस्टेलाई नमूना पर्यटकीय गाउँका रूपमा विकास गर्न लागिएको अध्यक्ष थापाले बताउनुभयो । बन्दीपुर क्षेत्रमा मात्र सात वटा व्यावसायिक घरबास सञ्चालनमा छन् । मेलासँगै यहाँको अर्गानिक खाना, रैथाने अन्नबाली, परम्परागत कला संस्कृतिको समेत प्रवर्द्धन एवं संरक्षण हुने स्थानीयवासीको विश्वास छ । मेलामार्फत समग्र गण्डकी प्रदेशको गाउँ पर्यटनको प्रवर्द्धन र विकासको लक्ष्य राखिएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो । गण्डकी प्रदेशभित्र ५० भन्दा बढी होमस्टे सञ्चालन भइरहेका छन् । उहाँले यस्ता कार्यक्रममार्फत होमस्टेहरूबीचको पर्यटकीय साझेदारीमा समेत फाइदा पुग्ने विश्वास लिइएको बताउनुभयो । "कार्यक्रममार्फत होमस्टेबीच अनुभव आदानप्रदान, व्यवसायिक साझेदारीमा पनि महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो, "सरकारले हप्तामा दुई दिन बिदाको व्यवस्था गरेकाले पनि गाउँ पर्यटनमा सहयोग पुग्ने हाम्रो अपेक्षा छ ।" गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशले विगत लामो समयदेखि गण्डकी प्रदेशका सम्भावना युक्त घरबासहरूको प्रवर्द्धनमा काम गरिहेको भिटोफ गण्डकीका संस्थापक अध्यक्ष एवं पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो ।

गण्डकी प्रदेशका हरेक गाउँहरू पर्यटकीय गन्तव्यका रूपमा रहेको बताउँदै उहाँले तिनीहरूको पर्यटकीय उपयोगको आवश्यकता औँल्याउनुभयो ।

# छब्बिस घरविहीन परिवारले पाए नयाँ घर

पोखरापत्र संवाददाता
बागलुङ, ९ बैशाख

बागलुङका जैमिनी नगरपालिकाले घरविहीन नागरिकका लागि घर बनाइ दिएको छ । सुकुम्बासी, विपद्बाट विस्थापित भएका र आर्थिक अभावका कारण घर बनाउन नसकेका ३६ परिवारका लागि नगरपालिकाले घर बनाइ दिएको हो ।

तेह्र परिवार सुकुम्वासी, विपद्बाट घरविहीन भएका १२ परिवार र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका ११ परिवारको घर बनाउने योजनाअन्तर्गत हालसम्म ३६ घर निर्माण गरेर हस्तान्तरण गरेको हो । नगरपालिकाले १० वटै वडाका घरविहीनका लागि घर बनाइ दिएको उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो । घरविहीनहरूको घर निर्माणका लागि रु तीन लाख, विपद्बाट क्षति भएर घरविहीन भएका परिवारलाई रु दुई लाख ५० र आर्थिक अभाव कमजोर भई पुनर्निर्माण गर्न नसकेका परिवारलाई रु दुई लाख उपलब्ध गराउने गरी कार्यविधि बनाएर काम गर्दै आएको उहाँको भनाइ छ ।

नगरपालिकाले सुकुम्वासी परिवारलाई भने जग्गा खरिद गरी घर बनाइ दिएको शर्मा बताउनुहुन्छ । "हामी निर्वाचित भएर आउनुपूर्वै घरविहीन परिवारलाई घर बनाइ दिने योजना अगाडि बढेको थियो, त्यस बेला पनि घरविहीन परिवारको तथ्याङ्क सङ्कलन लगायतका काम भएका थिए", उपप्रमुख शर्माले भन्नुभयो, "हामी आइसकेपछि सुकुम्वासी परिवार हरूलाई सुरुमा जग्गा व्यवस्थापन गरे घर बनाउने काम गऱ्यो, अहिले अन्य घरविहीनहरूको घर बनायौँ ।" तीन पुस्तासम्म घर नभएकाहरूलाई नगरपालिकाले पहिलो चरणमा बनाइ दिएको थियो भने विपद् र आर्थिक अभावका कारण पुनर्निर्माण गर्न नसकि अरुको घरमा आश्रय लिएकाहरूलाई दोस्रो चरणमा आवास बनाइ दिएको हो । नगरपालिकाले घर बनाइ दिएपछि अन्यत्र आश्रय लिन नपरेको वडा नम्बर ४ की देउरुपा सार्कीले बताउनुभयो । अरुको घरमा बस्दा धेरै समस्या हुने गरेको उहाँको भनाइ छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

पहिलो पटक प्रकाशित मिति २०८३/०१/१०

यस कम्पनीको मिति २०८३/०१/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविकको जि. टि. एजुकेशन कर्पोरेशन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने व्यहोर्न पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८३/०१/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी ग्लोबल टच कर्पोरेशन प्रा.लि. (अंग्रेजीमा यसलाई Global Touch Corporation Pvt. Ltd) कायम गरिएको जानकारी गराईन्छ ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १५ द्वारे खरबारीमा अधुरो ढलान बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : द्वारे खरबारी अधुरो ढलान बाटो
उपभोक्ता समितिको नाम : द्वारे खरबारी अधुरो ढलान बाटो उपभोक्ता समिति, पोखरा-१५, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ४
योजना सम्झौता मिति : २०८२/१०/०९
योजना सुरु मिति : २०८२/१०/१०
योजना सम्पन्न हुने मिति : २०८२/१२/३०
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५५,५५५/-
योजनाको कुल लागत : रु. ५,५५,६९३/६९

कुमारी गुरुङ
अध्यक्ष
द्वारे खरबारी अधुरो ढलान बाटो उपभोक्ता समिति
पोखरा-१५, कास्की